**बैठक नं. १**

## लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको प्रथम बैठकमा प्रस्तुत बधाई, धन्यवाद ज्ञापन एवं शोक पारित गर्ने सम्बन्धी

**प्रस्ताव**

### १. पृष्ठभूमी

नेपाल सरकार (मन्त्रीपरिषद्) बाट मिति २०७३/११/२७ मा स्थानीय तहहरुको गठन गर्ने सन्दर्भमा नुवाकोट जिल्लामा लिखु गाउँपालिकाको गठन भएको हो । नेपाल सरकारद्धारा मिति २०७३/०१/३१ मा यस क्षेत्रका लागि स्थानीय तहको निर्वाचन मिति तोकिएको र निर्वाचन आयोगबाट उक्त मितिमा यस लिखु गाउँपालिकाको निर्वाचन सम्पन्न गराई छ वटै वडामा वडा अध्यक्ष तथा वडासदस्यहरु गरी जम्मा ३२ जना गाउँसभाका सदस्यहरु निर्वाचित भएकोमा मिति २०७४/०२/०६ गते लिखु गाउँपालिका वडा नं. १ का लागि निर्वाचित वडा सदस्य ठाकुर प्रसाद लामिछानेको असामयिक निधन हुन गएकोले बाँकी निर्वाचित ३१ जना सदस्यहरुको मिति २०७४/०२/०९ गते पद तथा गोपनीयताको सपथ ग्रहण समेत सम्पन्न भई सकेको अवस्था छ ।

### २. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

नेपाल सरकारबाट संघीयता कार्यान्वयनको सिलशिलामा नुवाकोट जिल्ला लिखु गाउँपालिका एक स्थानीय तहको रुपमा गठन भई निर्वाचन समेत सम्पन्न भईसकेको र सो तहमा निर्वाचन समेत सम्पन्न भईसकेको र सो क्रममा निर्वाचित भई आउने सबै पदाधिकारी तथा सदस्यज्यूहरुलाई बधाई दिन उचित देखिन्छ । उक्त निर्वाचन सफल पार्ने सन्दर्भमा निर्वाचनमा मतदान गर्ने सम्पूर्ण मतदाताहरु, निर्वाचनमा सहभागी हुने सम्पूर्ण राजनीतिक दल एवं स्वतन्त्र उम्मेदवारहरु, लिखु गाउँपालिकामा खटिने निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत लगायत निर्वाचन अधिकृतको कार्यालय लिखुका कर्मचारीहरु, मतदान अधिकृतहरु सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरु लगायत निर्वाचन सम्पन्न गर्न प्रत्यक्ष र परोक्षरुपमा योगदान पुर्‍याउने महानुभावहरुलाई धन्यवाद दिन मनासिव देखिन्छ। साथै लिखु गाउँपालिका वडा नं. १ का लागि निर्वाचितस्वर्गीय सदस्य ठाकुरप्रसाद लामिछाने प्रति हार्दिक श्रद्धान्जली एवं उहाँको निधन प्रति समस्त लिखु गाउँपालिकाको तर्फबाट शोक प्रकट गर्न समेत उचित देखिएकोले यो प्रस्ताव पेश गरिएको छ ।

### ३. निणर्यका आधार र कानूनी व्यवस्था

स्थानीय तह निर्वाचन नियमावली, २०७४ बमोजिम निर्वाचन परिणाम घोषणा भई निर्वाचित पदाधिकारी तथा सदस्यहरुले समेत सपथ ग्रहण गरिसकेको हुँदा सबै निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई बधाई ज्ञापन गर्न सकिने, गाउँपालिकाको गाउँसभाको सदस्यको निर्वाचन सम्पन्न

भईसकेको हुँदा उल्लिखित सबैलाई धन्यवाद दिन मनासिव देखिने र लिखु गाउँपालिका वडा नं. १ का लागि निर्वाचित वडासदस्य स्वर्गीय ठाकुरप्रसाद लामिछानेको मृत्यु भई सामाजिक परम्परा अनुसार सतिगती समेत भईसकेको हुँदा निजको असामयिक निधनप्रति शोक प्रस्ताव परित गर्न समेत उचित हुने देखी निर्णयार्थ प्रस्ताव पेश गरिएको छ ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

१. यस लिखु गाउँपालिकामा स्थानीय तहको निर्वाचन सम्पन्न भई यस गाउँपालिकाको गाउँ कार्यपालिकाका नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सबै वडाका वडाध्यक्ष तथा वडा सदस्यहरुलाई गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्ने ।

२. लिखु गाउँपालिकाको स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने सन्दर्भमा मतदान गर्ने सबै मतदाताहरु, निर्वाचनमा भाग लिने सबै राजनीतिक दलहरु एवं स्वतन्त्र उम्मेदवारहरु, निर्वाचन व्यवस्थापनमा खटिने निर्वाचन अधिकृत, मतदान अधिकृत लगायत सबै कर्मचारीहरु र सुरक्षाकर्मीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

३. लिखु गाउँपालिका वडा नं. १ का निर्वाचित सदस्य स्वर्गीय ठाकुरप्रसाद लामिछानेको असामयिक निधन प्रति समस्त लिखु गाउँपालिका परिवारको तर्फबाट गहिरो शोक प्रकट गर्ने ।

*<u>निणर्य १</u>*

*उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत पारित गर्ने ।*

(नरहरी पाण्डे)
वडा अध्यक्ष

(भीम बहादुर घले)
वडा अध्यक्ष

( भोला प्रसाद सेढाई)
वडा अध्यक्ष

(दल बहादुर राई)
वडा अध्यक्ष

(रामकृष्ण श्रेष्ठ)
वडा अध्यक्ष

(हरिशरण लामिछाने)
वडा अध्यक्ष

(रोजिना राई)
उपाध्यक्ष

(ध्रुब श्रेष्ठ)
अध्यक्ष